# वर्जनाका एकानब्बे शब्दहरू

सौरभ

## पृष्ठभूमि

यहाँ एकानब्बे शब्द छन् । पङ्क्तिकारले जानेर पनि विगत २६ वर्षमा तिनलाई प्रयोग गर्नबाट पन्छाएको छ । कुनै पक्ष विपक्षप्रति ढल्किएजस्तो पाठकलाई नलागोस् भनेर पनि कुनै पक्ष विशेषको जस्तो भइसकेका केहीलाई पन्छाउनु परेको हो । यद्यपि सुरुका दिनहरूमा अज्ञानतावश केही प्रयोग भएका छन् । त्यस्तो अवस्थामा उदाहरण दिइएको छ । नेपालमा सात हजार पत्रकार छन् भन्ने गरिएको सन्दर्भमा अरूले पनि यसमाथि सोचून् भन्ने लागेर तिनलाई यहाँ सूचीबद्ध गरिएको हो ।

## वर्ग एकः 'वर्जित मानार्थ'

१. टेरेसालाई 'मदर' कहिल्यै लेखिएन । मदर भन्न लायक आफ्नी आमा मात्रै हुन्छिन् जस्तो लाग्छ । यो पङ्क्तिकार इसाई होइन पनि ।
२. 'फादर' कहिल्यै लेखिएन त्यसै गरी । अपवादका रूपमा कुनै बेला 'ग्याफ्ने' र 'मोरान' लाई लेखियो होला भन्ने लाग्छ । लुडविग स्टीलरलाई त कहिल्यै लेखिएन । स्मरण शक्तिका सर्वाधिक धनी सन् १९७० दशकका सेन्ट जेभियर्स स्कूलका प्रिन्सिपल लियो पी कश्याट सम्मलाई लेखिएन ।

*मिडिया अध्ययन* ३: ३०७-३१७ २०६५

३. बडामहाराजधिराज - पृथ्वीनारायण शाहका निम्ति कहिल्यै लेखिएन । यद्यपि उनलाई गाली गर्ने कसैलाई छोडिएको छैन । यो पछिल्लो समयमा भएको अभ्यास हो ।

४. श्री ५ महाराजधिराज कहिल्यै लेखिएन । यद्यपि पद जनाउने राजा शब्द धेरै पल्ट लेखिएको छ, लेखिनेछ पनि । उनीहरूलाई किन पाँच ओटा श्री र हामीलाई किन एक श्री ? भन्ने प्रश्न त छँदैछ । महाराजाधिराज त चार जनालाई राजा राखेर आफूलाई दिएको 'बादशाह' पद्वी हो ।

५. बडामहारानी, अधिराजकुमार आदि आदि पनि कहिल्यै प्रयोग गरिएन । कान्छी पत्नी नभएपछि बडामहारानी किन ? राजकुमार नभनेर अधिराजकुमार भन्नुपर्ने किन ? 'अधिगोष्ठी' को अर्थ पनि अधिराज्यमा भएको गोष्ठी भन्ने जनाउनलाई हो ?

६. स्वामी कुनै जोगीका निम्ति प्रयोग गरिएन । न एकदिन सामुन्नेबाटै हिँडेका अग्निवेशका निम्ति, न विवेकानन्दका निम्ति । स्वामीको अर्थ मालिक हो । मालिक कसैलाई मानिँदैन । तर पनि प्रपन्नाचार्यलाई स्वामी नलेखी मनले मान्दो रहेनछ, अझ गोविन्द टन्डन लिखित *राईबाबासँग साक्षात्कार* पढेपछि । त्यसो त गेरुधारीको त्यागलाई कदर गर्न मन लाग्छ नै । अझ १००८, १०८, पीठाधीश तिनले नै लेखून् जो स्वयं पूजक छन् । नेपालमा चिन्ता दूरी गराउने भनी पूज्य मानिँदै आएका मुकुन्दानन्द दोस्रो सुनामी आउँछ भनेपछि आफैँ तामिलनाडुबाटै भागे, ती के का स्वामी ?

७. मिर्जा - दिलशाद वेगको निम्ति पनि लेखिएन । किनभने नेपाल बङ्गाल 'सल्तनत' मा पर्दैन । यो मिर्जा अफजल वेगको शासनभित्र कहिल्यै थिएन ।

८. शाहबजादा पाकिस्तानका विदेशमन्त्री याकुव खानका लागि पनि लेखिएन । उनको साहेबीसँग हाम्रो कुनै सरोकार रहेन ।

९. महाकवि - लक्ष्मीप्रसाद देवकोटाका निम्ति पनि लेखिएन, घटराज भट्टराईले बनाइदिएको गुणराज खनालको त के कुरा । कालिदास, माघ र अद्वितीय कृति *कीरातार्जुनियम*का लेखक भारवीको निम्ति पनि लेखिएन । भविष्यमा कति जन्मिएलान् कति । यद्यपि अङ्ग्रेजीको 'जिनियस' शब्द कुनै एकमात्र नेपालीमा सर्वथा फिट हुन्छ भने त्यो देवकोटा मात्र हुन् ।

१०. राष्ट्र नायक - तिनलाई कसले चुन्यो र ? जन्मिएको भरमा के को नायक ?

११. राज महिषी - पनि कहिल्यै लेखिएन । हामीले बुझेको त महिष भनेको राँगो हो, महिषी भनेको भैँसी हो । राज भैँसी प्रयोग गर्नु कतिसम्म उचित हो र गर्ने ?

१२. जननायक - विश्वेश्वर कोइरालाका निम्ति कहिल्यै लेखिएन, प्रजापरिषद्को फेदमा कलमी गरिएको काङ्ग्रेसले जननायक जन्माएन नै ।

१३. महामानव लेख्ने कुरा झनै भएन । आखिर शिव अधिकारीको *सुरुची*ले विश्वेश्वरपुत्रकै भनाइ छाप्नुपर्‍यो - "उनलाई महामानव भन्नु त अतिशयोक्ति नै हुन्छ ।" यसपछि भाटहरू मौन भए ।

१४. सर - झुक्किएर बाल्यकालमा स्कूलको कपीमा कसैलाई लेखियो होला । तर न एडमण्ड हिलारीका निम्ति प्रयोग गरियो, न अरू कसैका निम्ति । पूर्व प्रशासकहरूले आइभर जेनिङ्सको लागि लेख्ने गरेको यो पद प्रशासन विषय पढ्दासमेत लेखिएन । न अब भारतीय लगानीका नेपाली-अङ्ग्रेजी अखबारले सलमान रुस्दीका निम्ति यो शब्द प्रयोग गर्नलाई नेपाल 'ब्रिटिश कमनवेल्थ' मा पर्छ ।

१५. लर्ड शब्द उस्तो ख्याल नगरेर जोन हन्ट र रबर्टका निम्ति प्रयोग गरिएको जस्तो लाग्छ । यो शब्द लेख्नलाई पनि हामी ब्रिटिश कमनवेल्थभित्र छैनौं ।

१६. पण्डित - यो शब्द जवाहरलाल नेहरू न अन्य कसैका निम्ति प्रयोग गरियो होला । पण्डित शब्दले कर्मकाण्डी पुरोहितलाई बुझाउँछ । 'पण्डित' शब्द प्रयोग गरेर आफ्नो वक्ताको अपमान मार्टिन चौतारीले किन गर्छ ? *द हिमालयन टाइम्स*ले किन दोहोर्‍याउँछ ?

१७. महामहोपाध्याय - लेख्नलाई मदनमोहन मालवीय हाम्रा होइनन् । यो यता अपमानबोधक त हो नै ।

१८. श्रीमती शब्द कहिल्यै प्रयोग गरिएन होला, न सुश्री नै । कसैको वैवाहिक स्थिति बुझाउनु हाम्रो दायित्व होइन । बुझाउनुपर्ने भए उनीहरू आफैं बुझाऊन् ।

१९. प्रथम - यो शब्द कुनै विशेष परिस्थितिमा बाहेक कहिल्यै लेखिएन । के ग्यारेन्टी छ त्यो प्रथम हो ? लखन थापा नै पनि कसरी प्रथम सहिद ? जब अछामीहरू बलदेव शाहीको निम्ति यो मान्यता माग्दैछन् ।

२०. सहिद नै पनि १९९७ सालका बाहेक कसैलाई लेखिएन होला । झ्यालमा बसेका बेला, ठेला लिएर आलु बेच्न बसेका बेला, भाङ खाएर ओरालो ओर्लिरहेका बेला जो छर्रा लागेर मरे, ती के को सहिद ?

२१. आदर्श पनि कसैका निम्ति प्रयोग गरिएन । सबैका निम्ति मङ्गलादेवी श्रेष्ठ आदर्श महिला थिइन् होला र ?

२२. डा. पनि विशुद्ध विज्ञानका बाहेक अरूलाई प्रयोग गरिएन होला । गोरखपुरी नौ महिने, श्रीलङ्काको छ महिने, लस बानोसको हरेक विषयमा सर्वश्रेष्ठ र

जर्मनीको स्नातकोत्तरले पनि डा. लेख्न पाउने विद्यावारिधि नै भद्रगोल र विवादास्पद छ । पोष्टाचार्य भैरवनाथ चालिसेलाई डा. भन्ने कि नभन्ने ?

२३. प्राज्ञ - प्रतिष्ठानमा सदस्य बनाइयो भन्दैमा उसको प्रज्ञा चक्षु खुलेको छ भनेर मान्न यो पङ्क्तिकार कदापि तयार छैन । झन् पार्टी कोटा र जातीय कोटाबाट सदस्य बनेकालाई प्राज्ञ सम्बोधन गरिदिनु शब्दकै अपमान हो ।

२४. मूर्धन्य शब्द बालकृष्ण समका निम्ति पनि प्रयोग गरिएन । कुन मुर्कट्टाले सम जिउँदो छँदै मुर्दामुर्दा लाग्ने छनक दिने यो शब्दको पहिलो प्रयोग गरिदियो ?

२५. सर्वमान्य नेता गणेशमान सिंहका निम्ति पनि प्रयोग गरिएन । त्यसो त गणेशमान सिंह आफैँ पनि अन्तरपार्टीबाट काङ्ग्रेसको मात्रै सर्वमान्य नेता हुन पुगे ।

२६. समाजसेवी शब्द पनि ४० वर्षदेखि बेरोजगार रहेको मानिस मरेपछि उसले पाउने पद्वी हो । विवादरहित 'समाजसेवी' भन्न लायक समाजसेवीहरू नेपालका तुलसीमेहर श्रेष्ठ र दयावीरसिंह कंसाकार मात्र भए होलान् ।

२७. सरदार भीमबहादुर पाँडेका लागि पनि प्रयोग गरिएन । पाटनढोके पुरस्कारका लोभीहरूले राममणि र भारतपन्थीहरूले यदुनाथ खनालका निम्ति प्रयोग गर्ने यो शब्द परै रह्यो । कमनवेल्थको सरको भाइ, मुगलकालीन भारतको सुवहदारको भानिज र राजस्थानको 'ठूलो पगरीयुक्त' भारदारी पदको नेपालसँग कुनै नाता रहेन पनि ।

२८. सम्राट - शिव अधिकारी थियो जसले नारायणगोपाल गुरुवाचार्यको नाममा यो अव्यय हालिदियो । कोही हास्य साम्राज्ञी, कोही मुक्तक सम्राट, कोही गजल सम्राट आदि आदि छैनन्, हैनन् । सम्राटमा अहिले अकिहितो मात्र छन् तर सम्राट पदलाई थामिदिने 'मञ्चुरिया' उनीसँग पनि छैन ।

२९. माननीय - मनोनीतलाई माननीय कुनै हालतमा मानिएन, मानिने छैन । एकपल्ट पनि चुनाव नलडी संसद छिरेका सबै अमाननीय हुन्, चाहे माओवादी हुन् चाहे अरू कोही ।

## वर्ग दुईः एकतन्त्रवादी

३०. सवाल - यो वामपन्थीहरूको शब्दभण्डार भित्रको ठानिन्छ र केशव बडालको त थेगो शब्द नै हो । यसका सट्टा प्रश्न, चासो प्रयोग गर्ने गरियो ।

३१. चेतावनी - यो शब्द २०५१ पछि विशेष गरी माधव नेपालले खुबै प्रयोग गरे । एमालेको उपनाम एमबिबिएस पार्टीबाट चेतावनी पार्टीमा परिणत गर्ने उनै हुन् । बद्री मण्डलले ३० वर्षको पञ्चायतकालमा 'विकास निर्माणका काम' भन्ने वाक्यांश त्यतिपल्ट दोहोऱ्याएनन् होला, जतिपटक नेपालले

२०५१ देखि २०६४ बीचमा वर्षको ५० पल्ट जस्तो 'चेतावनी' शब्द दोहोऱ्याए, माओवादीलाई हेर्दै, तर काङ्ग्रेसको टाङ्मुनि छाती तन्काएर ।

३२. फाँट - यो शब्द वामपन्थीहरूले बढी प्रयोग गर्छन् । साहित्यिक फाँट, सङ्गीत फाँट, गायन फाँटका नाममा तर त्यो सहरमा यसको प्रयोग हुन्छ जहाँ रहेको देशको तीन प्रतिशत कृषियोग्य फाँट, शून्य दशमलब तीन प्रतिशतमा झरिसकेको होला ।

३३. कर्म शब्द पनि चित्र कर्म, कला कर्मका रूपमा वामपन्थीहरूले नै धेरैजसो प्रयोग गर्छन्, जो कर्ममा विश्वास गर्दैनौँ पनि भनिरहन्छन् । यो खास गरी अल्लारे 'नारावादी' हरूले प्रयोग गर्छन् । रैथाने काठमाडौँबासीले चिन्ने त लोहकर्मी, नकर्मी, डकर्मी, बज्रकर्मी र सिकर्मीलाई मात्र हो ।

३४. कर्मवीर शब्द १९९० सालमा बितेका एक व्यापारी हनुमानदास मित्तलको पुण्यतिथि पारेर विज्ञापनमा खुब प्रयोग हुन्छ । यस शब्दको आधार हो महाभारतको गीतामा आएको 'कर्म गर फलको आशा नगर' भन्ने उक्ति । तर जो नाफा अर्थात् फलको उद्देश्य राखेर व्यापार गर्छ त्यो कसरी कर्मवीर हुनसक्छ ? व्यापारीलाई कर्मवीर कुनै हालतमा प्रयोग गरिएन, गरिँदैन ।

३५. मोर्चा शब्द पनि वामपन्थीहरूको शब्द ठानिन्छ । भक्तपुरको 'चौक्वाठ' पनि त एउटा मोर्चा नै हो । होइन र ?

३६. जन एउटा वामपन्थी अव्यय हो । जनसंस्कृति, जनवादी, जनआन्दोलन नलेखी मानौँ उनीहरूको कुनै भनाइ प्रस्ट हुँदैन ।

३७. प्रगतिशील अर्को वर्जित शब्द जस्तै छ वामपन्थीहरूले गर्दा । यद्यपि वामपन्थ द्वैतवाद हो र पूर्वीय दर्शन एवं आधुनिक विज्ञानका दृष्टिले यो प्रगतिवादी छँदै छैन । साम्यवाद अनुवाद गरिएपछि हेगेलियन द्वन्द्वात्मक भौतिकवाद नै कहाँ रह्यो ? एक पाठक प्रश्न गर्छन् ।

३८. विस्तारवाद अर्को वर्जित शब्द हो । यत्रो सीमा मिचिँदा नबोल्ने नै वामपन्थीहरू भए । अर्का पूर्व वामपन्थी, मसाल कार्यकर्ता भन्छन् मालेमा लागेर राष्ट्रवादीहरू सिध्याएपछि वामदेव गौतम एमालेमा फर्के र माओवादी रहे सहेका राष्ट्रवादीलाई मराइसकेपछि संसद पसेका छन् ।

३९. पूँजीवाद पनि प्रयोग गरिएन किनभने यो शब्द वामइतरकालाई आक्षेप लगाउन प्रयोग गरिने शब्दजस्तै बनेको छ । गोविन्दप्रसाद लोहनीले *नेपाल* साप्ताहिकलाई भनेको पङ्क्ति उल्लेखनीय छ - मार्क्सले त्यत्रो 'पूँजी' लेखे तर पूँजीलाई उनले नै बुझेका रहेनछन् ।

४०. मण्डले - कुटपिट गर्ने, हातहतियार बोकेर हिँड्ने तत्कालीन राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डलका सदस्यहरूको प्रवृत्तिलाई लिएर प्रयोग गरिन्थ्यो तर अचेल सबैमा त्यस्तो चरित्र देखिएपछि कसका निम्ति प्रयोग गर्ने कसका निम्ति नगर्ने ?

४१. काङ्ग्रेसी अर्को वर्जित शब्द हो । नेटिभीका एक पूर्व अध्यक्षले 'काङ्ग्रेसी' लेखेपछि पङ्क्तिकारले काटिदियो । हामीले जयबर्द्धने भन्ने शुद्ध नाम पनि कहिले उच्चारण गऱ्यौँ र ? जयबर्द्धन भन्यौँ ।

४२. कमनिस्टे शब्द अर्को वर्जित हो । खास गरी युवा काङ्ग्रेसले यदाकदा त्यसरी प्रयोग गर्छन् । आफ्नो विचार राख्न पाउने कसैको अधिकारलाई गालीवाचक शब्द किन प्रयोग गर्ने ?

४३. कालरात्री - २०१७-४६ लाई कालरात्री प्रयोग गर्ने स्वनामधन्यहरू धेरै निस्के । सम्भवतः हाम्रो अन्तर्राष्ट्रिय स्थितिमाथिको नवमी सन् १९५५ मा तत्कालीन सोभियत सङ्घले नेपालविरुद्ध भिटो प्रयोग गर्दाको दिन थियो । यद्यपि हामीले सन् १९२३ मै अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेर विजयादशमी मनाइसकेका थियौँ । पञ्चायतको ३० वर्षलाई नै कालरात्री मान्नेहरूले भविष्यमा अझै ठूला कालरात्रीहरू देखे भने कसरी समाधान गर्लान् ?

४४. बेच्यो – काङ्ग्रेसले कोशी बेच्यो भन्ने अर्थमा आउने यो शब्द त्यो अर्थमा कहिल्यै प्रयोग गरिएन । काङ्ग्रेसले कोशी बेचेको होइन, पटनाबाट आएको दुई रेजिमेन्टले जबर्जस्ती कोशीमा बाँध बाँध्न सुरु गरेपछि नेपाल सरकारले लड्न नसकेर त्यसको औपचारिक दस्तावेज तयार गरेको हो ।

४५. गद्दार – यो शब्द वामपन्थी लेखकहरूले प्रयोग गर्छन् । तर एक वामपन्थीका हातमा अहिले गद्दार भन्न लायक १४९ पात्रहरू भएको अनुमान गरिन्छ । अर्थात् झण्डै डेढसय ओटा पार्टी घटक बनिसकेको हेर्ने हो भने एउटाले अरू १४९ घटककाहरूलाई गद्दार भन्नुपर्ने भएन ?

४६. अराष्ट्रिय तत्त्व - यो शब्द कहिल्यै मन परेन । तर यो राष्ट्र तेरो होइन भन्नलाई राष्ट्रवादी भनिनेहरूको पनि के हक ?

४७. राज्य – राज्यको प्रत्याभूति जनताले नगरेको यति बेला यो शब्द वर्जित छ । किनभने यो सातपार्टीको मनोमानी चलेको बेला हो । उसलाई उसको 'अन्तरिम संविधान' मै जनमत सङ्ग्रह गराउन परेको छैन ।

४८. बुर्जुवा – फ्रेञ्च मूलको यो शब्द वामपन्थीहरू बीच प्रिय छ तर संसारका सबै राम्रा कुराहरूको प्रयोग र उत्पादन प्रायः बुर्जुवा अथवा सामन्तीहरूले नै गरेका छन् ।

४९. प्रतिगामी किन प्रयोग गर्ने ? राजा नै देश हो ठान्नु प्रतिगामिता हो भने विपी नै प्रजातन्त्र हो, मार्क्स नै साम्यवाद हो भनी ठान्ने सिद्धान्तको वैयक्तीकरण प्रणाली जस्तो प्रतिगामिता केही होइन ।

५०. प्रतिक्रियावादी - कुनै प्रतिक्रिया नै जनाउन नपाइने तानाशाहीलाई किन मान्ने ? प्रतिक्रियावादी शब्द प्रयोग गरेर तानाशाहको आफ्नै बोलीमात्र बोली ठान्ने प्रवृत्तिलाई टेवा किन दिने ?

५१. लोकतन्त्र - यो भारतीय 'लोकसत्ता' को कान्छो भाइ हो । पङ्क्तिकारले खोजेको यो लोकतन्त्र होइन, स्केण्डेनेभियन राष्ट्रहरूको जस्तो नागरिकतन्त्र हो ।

५२. नयाँ नेपाल - प्रयोग गर्नेहरू सबैका आ-आफ्नै कारण होलान् । हैन भने नयाँ नेपाल भनेको पोलपोटको शासन भन्ने बुझिन्छ ।

५३. अग्रगामी - मानिसलाई भेडाबाख्रा मानेर चल्ने राजनीतिक सिद्धान्त कुनै हालतमा अग्रगामी हुनै सक्तैन, फड्को त परै रहोस् ।

५४. साम्राज्यवाद - यो वामपन्थीहरूबीच चलेको शब्द हो । तर रुसले सम्पूर्ण मध्य एसिया, वाल्कन र इण्डोचाइना साम्राज्य बनाउँदा चाहिँ उनीहरू मौन भए । भारतले उसका छिमेकीहरू मात्र नभएर - मरिसस, सिङ्गापुर, फिजी, सुरिनाम, शेशेल्सको राजनीति सम्ममा दखल दिँदा पनि उनीहरू दिल्लीको अगुवाइमा नेपालको सत्तामा पुगिने लोभमा यो शब्द मनमोहन अधिकारीकै बेलादेखि त्याग्न बाध्य छन् । हामीले त चाहेर पनि यो शब्द प्रयोग गरेका थिएनौँ ।

५५. रणनीति - देशकै जनता मार्ने पनि कुनै रणनीति हुन्छ कतै ? र त्यसलाई रणनीति भन्नु ?

५६. दलाल - एकपटक अपवादका रूपमा *राजधानी*मा मातृका यादव विरुद्ध प्रयोग भएको छ जब तिनले पृथ्वीनारायण शाहलाई गाली गरे ।

५७. कबुल - पञ्चायतका नेताहरूले गर्थे - आजदेखि यही मञ्चबाट विकासका निम्ति लाग्ने कबुल गरौँ । कुरै कुराको 'कबुल' उनीहरूको शब्द हो । त्यस्तै प्रण, वाचा, आह्वान, पनि उनीहरूकै हो ।

## वर्ग तीनः स्याल हुइयाँपन्थी

५८. तस्कर - तस्करी गरेको हो होइन प्रमाणित पनि छैन, प्रमाणित गर्ने कानूनी प्रयास पनि भइरहेको छैन । एकैपटक अपवादका रूपमा दिलसाद् वेगका निम्ति *देशान्तर*मा प्रयोग भएको छ ।

५९. भ्रष्टाचारी - भ्रष्टाचार गरेको हो होइन प्रमाणित पनि छैन, प्रमाणित गर्ने कानूनी प्रयास पनि भइरहेको छैन । यस सम्बन्धमा तत्कालीन गृहमन्त्री खुमबहादुर खड्कालाई गृहमन्त्रालयमै पङ्क्तिकारले एउटा सम्बन्धित वाक्य भनेको थियो, जब उनले अन्य सिलसिलामा स्पष्टीकरणका निम्ति बोलाए । वाक्य हो - तपाईं विरुद्ध जस्तो 'भ्रष्टाचार' शब्द कसैका विरुद्ध प्रयोग भएन होला, तैपनि त्यो शब्द पनि मैले आजसम्म कसैका निम्ति प्रयोग गरेको छैन ।

६०. बुद्धिजीवी - नेपालमा विशुद्ध बुद्धिजीवी भनेको मेडिकल डाक्टर मात्र हो । जसको बुद्धि नै बिक्री हुँदैन, ज्ञान बेचेर जसको जीविकोपार्जन हुने ग्यारेन्टी छैन त्यो के को बुद्धिजीवी ?

६१. मास्टर पिस - मास्टर पिस शब्दका गलत प्रयोगकर्ता (सम्झनोस् २०३० को दशकतिरको *मधुपर्क*) रामदयाल राकेश हुन् । जीवनभर रचना गरेर पनि मास्टर पिस रचना विरलैले सिर्जना गर्न सक्छन् । यसैले मास्टर पिस भन्ने शब्द सितिमिति प्रयोग गर्ने कुरै होइन ।

६२. कालजयी अङ्ग्रेजीको 'टाइमलेसनेस' शब्दको अनुवाद हो । यसको दुरुपयोगकर्ता प्रकाश सायमी हुन् । सबै 'वन डे वण्डर' हरूलाई कालजयी गीत, सङ्गीत भनिदिने चलन चलेको छ । तर ती रचनाहरू धमिरा झैं मरिरहेका छन् ।

६३. नष्टल्जिया - यद्यपि यो सोझै अङ्ग्रेजी शब्द हो । नेपालीमा नष्टल्जिया भारतीय 'ब्रिटिस राज' बाट प्रभावित भएर जन्मेको हो । अङ्ग्रेज स्वयंले भए भन्ने छ, कस्तो नचाहिँदो कुरा ? यसमा हुरुक्क हुने पनि निकै छन् । कालजयी शब्दका उपयोगकर्ता नै यसका पनि दुरुपयोगकर्ता हुन् ।

६४. स्वतन्त्रता सेनानी लेख्नलाई यो कुनै उपनिवेश थिएन बेलायतको । भारतीयहरूले लेखून् त्यो शब्द । यो भारतका भाटहरूले उसैमा मिलाएर लेखिदिने शब्द हो ।

६५. विधायक/विधायिका । के नेपालको संसद कुनै भारतीय प्रान्तको विधानसभा हो र त्यसो भन्नलाई ?

६६. मिश्र होइन इजिप्ट, सिकन्दर होइन अलेक्जेण्डर, अरस्तु होइन अरिष्टोटल, सुकरात होइन सोक्रेटस् । होइन भने बालकृष्ण पोखरेलकै अनुसरण गरेर अलेक्जेण्डरलाई हरिश्चन्द्र किन नलेख्ने ?

६७. खुसहाली - सिक्किम विलयनपछि भएको प्रगतिलाई खुसहाली भन्ने संज्ञा दिँदै नेपाली छापामा विज्ञापनहरू प्रकाशित भए । त्यसपछि खुसहाली

सिक्किम र अन्य साना राष्ट्रको विलयनको पक्षधरका शब्दभण्डारभित्र पर्ने शब्द ठानिँदै आएको छ ।

६८. नेपालविद् - नेपालविद् बन्ने तरिका पनि सजिलो छ, गालापागोस टापुमा कछुवाको ढाडमाथि बसेर नेपालबारे दुई लाइन लेख्नु र गालापागोसको नेपालविद् भै टोपल्नु । नेपालीमूलकी पत्नी भएका ससुराली विज्ञहरू आविद हुसेन र अशोक मेहता के को नेपाली विद् ?

६९. आदिवासी - आदिवासीको वैज्ञानिक पुष्टि हुनुपर्‍यो । होइन भने मुखले भन्दैमा आदिवासी भइने होइन । 'इण्डिजिनस' को अनुवाद नै पनि आदिवासी हुन्छ भनेर मान्न पङ्क्तिकार तयार छैन ।

७०. जनजाति - जन वामपन्थी शब्दभण्डार भित्रको अव्यय मान्ने गरिन्छ । वर्णाश्रम संस्कार बाहिरका राई, गुरुङ, मगर जनाउन परे जातजाति प्रयोग गरिने गरियो यद्यपि *स्वाभिमान* पत्रिकामा अपवादका रूपमा प्रयोग भएको छ ।

७१. मधेस - ३० लाख थारूहरूले हाम्रो इलाकालाई 'मधेस' किन भनियो भनेर आपत्ति, विरोध गर्ने पर्दैन । यो पङ्क्तिकारले 'मधेस' कहिल्यै प्रयोग गरेकै छैन तराई बाहेक । भारतको मध्य प्रदेश चाहिँ मधेस हो भन्ने मान्यता चलिआएको छ ।

७२. भारतवर्ष - नेपालको मूल भूमिले हिमालयन टेक्टोनिक प्लेट (टिबेटन प्लेटको दक्षिणी भाग) ओगट्छ । त्यो भारतवर्षमा पर्दैन । व्रतबन्धको मन्त्रमा 'जावेश्वर- देशे' (जुम्ला) लेख्दा लेख्दै संस्कृतज्ञहरू भारतवर्ष लेखेर जुन मुर्खता गर्छन् त्यसको बयान छैन ।

७३. भारतीय प्रायद्विप - यो त्यसमा पनि पर्दैन जम्बुद्विपमा पर्छ, जहाँ जामुन (साइजिगियम क्युमिनी) को जङ्गल छ । संस्कृतबाजहरू हेक्का राख्दैनन् ।

७४. हिन्दू - हिन्दू अरू इतर धर्मकाले इण्डस नदी यताकालाई प्रयोग गर्ने शब्द हो । सही शब्द हो सनातन धर्म ।

७५. नेपाल सम्वत् - पाँचौं शताब्दीको समुद्र गुप्तको नेपाल आसामबाट सुरु भएर गढवालसम्म पुग्छ र ११ औं शताब्दीको कल्हणको नेपाल गण्डकबाट सुरु भएर अल्मोडासम्म पुग्छ । नेपाल काठमाडौँ खाल्डो मात्रै होइन होला । त्यसमाथि अरू २००८ मा पुग्दा हामी ११४५ मा कसरी हिँड्ने हो ।

७६. नेपाल भाषा - उपत्यकाको पानी सुकेपछि पनि रहेको सानो अवशेष टौदहलाई मानिन्छ । माथि नेपाल सम्वत्मा भनिएजस्तै कुनै बेलाको आसामदेखि अल्मोडासम्मको नेपाल खुम्चेर मध्यकालमा काठमाडौँ खाल्डोमा मात्रै सीमित हुन पुग्यो । अनि त्यहाँमात्र प्रचलित भाषा अगाडि नेपाल थपेर मेची महाकालीलाई फेरि खुम्च्याउन मनले मान्दैन ।

### वर्ग चारः टपर्टुय्याँ

७७. विनिर्माणवाद - यी कथित विनिर्माणवादीहरू बनाउन केही सक्दैनन् । तर भत्काउने रहर देखाएर 'क्रान्तिकारी' दरिने लोभ पनि यी कहिल्यै छोड्दैनन ।

७८. उत्तर आधुनिक - यो उत्तर आधुनिक शब्द केही अङ्ग्रेजी प्राध्यापकबाहेक अरू कसैले बुझेको छैन होला । हामीले बुझेको उत्तर आधुनिकको अङ्ग्रेजी अनुवाद 'लेटेस्ट' र नेपाली पर्यायवाची नवीनतम हो । यी नवीनतम कुरालाई के के न उनीहरूले मात्रै बुझे जस्तो गरेर 'पोस्ट मोडर्निज्म' को कुरा गर्छन्, कहिले सम्मको कुनै रचना पोस्ट मोर्डन र त्यसपछि 'प्रिपोस्ट मोर्डन' हुन्छ कि भन्न सक्नुपर्‍यो ।

७९. अभिनयकला - अभिनयको अर्थ हो सक्कल बमोजिमको नक्कल । अभिनय भन्ने वस्तु 'मिमिक्रि' हो, कला हुँदै होइन । कला मिसिएको भए पो कला शब्द जोड्न पाइनु त ?

८०. शिखर चुमे - 'किस द शिल्ड' बाट 'किस द सक्सेस' हुँदै नेपालीमा अनुवाद भएको छ हुनसम्म नसुहाउने गरी । नेपालीहरू सफलतामा खुशी मनाउँछन्, पुलकित हुन्छन् । ती 'लड्डु पनि बाँड्दैनन् । यसैले 'किस द शिल्ड' को यो अगतिलो अनुवाद हो ।

८१. वरियता प्राप्त - खेलकुद समाचारमा पहिले पहिले क्रिकेट र अहिले टेनिससम्बद्ध समाचारमा यो खुब आउँथ्यो र आउँछ । हिन्दीबाट ओसारिएको शब्द हो । वरिष्ठता क्रम हो शुद्ध रूप । नेपालीमा कुनै अर्थ नै नलिने यो 'वरियता' शब्द कुनै हालतमा प्रयोग गरिएन नै । पङ्क्तिकार सुरुको छ महिना खेलकुद समाचारदाता थियो नै ।

### वर्ग पाँचः अपमानबोधक

८२. भाइ बहिनी - यो ७६ जिल्लावासीहरूले खुब प्रयोग गर्छन् । सिलगुडी र पशुपतिनगरबाट नेपाल छिरेपछि अरूका बहिनी यिनका 'बुइनी' र बज्यै 'बोझु' हुन्छन्, वेञ्च 'वेञ्ची' (स्त्रीलिङ्ग) भैदिन्छ ।

८३. राहत - राहत शब्दको नेपाली प्रणेता हुन लोकेन्द्रबहादुर चन्द । यो पञ्चायत शासनलाई बुझाउने ऐना हो । विकास नामको रुघा निको गर्ने औषधि नभएकोले राहत नामको निमोनियाको औषधि प्रेसक्राइब गरेर रुघा निको पार्न खोज्ने परिपाटी ।

८४. आइमाइ - माइजी आइन ? एउटी महिलाले आफूलाई भन्नुपर्दा 'महिला' अर्कीलाई खसाल्न पर्दा यो 'आइमाइ' भन्ने गरेका त्यसै होइन होला ।

८५. बुढाबुढी - बुढाबुढीका सट्टा प्रयोग गर्नुपर्ने शब्द हो पाको उमेरको मानिस । यसको सञ्चारमा एउटै मानिसले सदुपयोग गऱ्यो रोशनप्रताप राणा । अन्यथा शालीन परिवारको पति पत्नीलेसमेत एकअर्काको निम्ति बुढा र बुढी शब्द प्रयोग गर्दैनन् । यो निम्नकोटीको शब्द हो ।
८६. खुट्टा - खुट्टा भए सिङ पनि हुनुपर्ने हो । मान्छेका त गोडा हुन्छन् । बुझ्नुपऱ्यो खुट्टा शब्द पशुकोलाई मात्र प्रयोग हुन्छ ।
८७. टेकेर - फलानो सहमतिपत्रमा टेकेर, ढिस्कानो निर्णयमा टेकेर - यो कस्तो भाषा हो ? सहमतिमाथि टेकेर फोहोर पारेपछि फेरि त्यसको के कुरा गरिरहने ? यस्तै फोहर टेक्नेहरूले गर्दा नेपालको यो गति भएको ।
८८. दुखेसो - दुखेसो सुन्न अहिले कसैलाई फुर्सद छैन । सरकारले असनको एउटा नाङ्लो पसलेको दुखेसो सुनेर साध्य पनि छैन । उसले नाङ्लो पसलेहरूप्रति नीति बनाउने हो । खास गरी तराईका समाचारदाताहरू यसको खुब प्रयोग गर्छन् । दुखेसो जस्तो गथासो शब्दले सामग्रीको स्तरलाई गिराउँछ ।
८९. अपूर्व होइन 'थाहा भए सम्मको' । पहिला कहिल्यै भएकै थिएन भन्नलाई विशेषज्ञको आवश्यकता पर्दछ । पत्रकारले मात्रै भनेर पुग्दैन ।

## वर्ग छः आफ्नो इच्छा

९०. पूर्व जर्मनी नै लेखियो । तर पूर्व जर्मनी पृथ्वीमा नभएको र प्रजातान्त्रिक गणतन्त्र जर्मनी रहेको विरोधपत्र राजदूतावासले पठायो । पत्र लेख्नलाई उसका समर्थकहरूले उक्साए । तर सच्याइएन । पछि प्रजातान्त्रिक गणतन्त्र जर्मनी भन्ने देश नै रहेन, आनन्दै भयो ।
९१. सोभियत रुस नै लेखियो । उक्साउनेहरूका मुखबाट सुनियो त्यस्तो देशै छैन । तर पछि सोभियत सङ्घ भन्ने नै रहेन । रह्यो त रुस मात्रै । अब अहिले त्यो समयलाई चिनाउन मात्र यो शब्द लेखिन्छ ।

अरू सञ्चारकर्मीका पनि आफ्ना शब्द होलान् अथवा कसैका नहोलान् पनि । तर पङ्क्तिकारलाई यो अव्यक्त शैली सबैको आ-आफ्नो हुनुपर्दछ जस्तो लाग्छ । त्यसो हुँदा आफूले शब्द खर्च नगरीकनै आफ्नो सोच स्पष्ट भइरहेको हुन्छ । समय र स्रोत साधनको बचत हुने त छँदैछ, पाठकसँग छिटै समझदारीको पुल पनि खडा हुन्छ ।




## चौतारी पुस्तक शृङ्खला- २५

नेपालीहरूले रेडियोसँग साक्षात्कार गरेको झण्डै ७५ वर्ष पूरा भैसक्यो । रेडियो सुनेका हरेक व्यक्तिसँग यसबारे केही न केही अनुभव हुन सक्छन्, अमिट सम्झना हुन सक्छन् । कसैसँग धेरै होलान्, कसैसँग थोरै । कसैले व्यक्त गर्न सक्छन् भने कसैले सक्दैनन् । कुनै कालखण्डमा कुनै भेकमा रहेका व्यक्तिहरूको रेडियोसँगको सम्बन्ध समाजशास्त्रीय हिसाबले समेत महत्वपूर्ण हुन्छ भन्ने सोचेर यो पुस्तक- **रेडियोसँग हुर्कंदाः तीनपुस्ते नेपालीको अनुभव** तयार गरिएको हो ।

यस पुस्तकमा बेग्लाबेग्लै पृष्ठभूमिका ६४ जना व्यक्तिहरूले रेडियोसँग गाँसिएका आफ्ना जीवनका अविस्मरणीय क्षणहरू, सुन्दर र अमिट सम्झनाहरू र तिनले आफ्नो दैनिकीमा पारेको प्रभावलाई संस्मरणात्मक निबन्धमा उनेका छन् । जेठो पुस्ता, मध्यम पुस्ता र कान्छा पुस्ता गरी तीन खण्डमा विभाजित संस्मरणहरूको यो सँगालोले रेडियो श्रवण प्रक्रियाका विभिन्न आयामलाई उतारेको त छँदैछ नै, तत्कालीन समाजको आर्थिक, राजनीतिक र सांस्कृतिक परिवेशको पनि केही झलक प्रस्तुत गरेको छ । सम्पूर्ण नेपालीको प्रतिनिधित्व गर्न नसके पनि यी निबन्धहरूले तीन पुस्ताको रेडियो अनुभवको स्वाद भने चखाएकै छन् । साथै यसबारे ऐतिहासिक एवं सामाजिक अन्वेषणका लागि धरातल तयार पारिदिएका छन् ।